# थारू मातृभाषी विद्यार्थीले नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटि


शोधार्थी

भावना चौधरी

क्याम्पस क्रमाङ्क र शैक्षिक वर्ष :०९ (२०६६/०६७)

त्रि.वि. दर्ता नं. : ९-३-२१८-४४७-२००९

दोस्रो वर्षको परीक्षा क्रमाङ्क (वर्ष) : २१८०००१ (२०६७)


नेपाली शिक्षा विषयमा स्नातकोत्तर उपाधि नेपाशि ५९८ का निमित्त प्रस्तुत शोधपत्र


त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र सङ्काय

जनता बहुमुखी क्याम्पस

नेपाली भाषा शिक्षा विभाग

इटहरी, सुनसरी



वि.सं. :२०८०/इ.सं. २०२३

## प्रतिबद्धतापत्र

म शाोधार्थी भावना चौधरी यो घोषणा गर्दछु–प्रस्तुत शोध पत्र मेरो मौलिक अनुसन्धान हो । शोधपत्रको कुनै अंशसमेत मैले कहीँ कतैबाट हुबहु नक्कल गरेको होइन । आवश्यकतानुसार सन्दर्भ र स्रोत खुलाई पूर्वकार्यको प्रयोग गरेकी छु । कहीँकतैबाट हुबहु नक्कल गरेको प्रमाणित भए त्यसबाट आउने सबैखाले परिणामहरुको सामना गर्ने प्रतिबद्धता व्यक्त गर्दछु । यस सम्बन्धमा कहीँकतै र कुनै किसिमको उजुरबाजुर गर्ने छैन ।

....................

शोधार्थी

भावना चौधरी

त्रिभुवन विश्वविद्यालय
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी, नेपाल
स्थापित : २०४५
(त्रिभुवन विश्वविद्यालय व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र सङ्काय सम्बन्धन प्राप्त)
(QAA Certified)
☎ ०२५-५८१३००
FAX: ०२५-५८००६४

प.सं.
च.नं.

मितिः

---

## शोधनिर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय जनता बहुमुखी क्याम्पस नेपाली शिक्षा विभागअन्तर्गत एमएड दोस्रो वर्षका विद्यार्थी भावना चौधरीले नेपाशि ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत *थारु मातृभाषी विद्यार्थीहरुले नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटि* शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । प्रस्तुत शोधपत्र सम्बन्धित तहका निमित्त उपयुक्त भएकाले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति :

.................................

नवीनकुमार शर्मा

(शोधनिर्देशक)

## शोधसार

*थारु मातृभाषी विद्यार्थीले नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटि* शीर्षकको शोधपत्र जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरीको नेपाली भाषा शिक्षा विभागका शोधार्थी भावना चौधरीले तयार पार्नु भएको हो । उक्त शोधपत्रको निर्देशन नवीनकुमार शर्माले गर्नु भएको हो । ५१ पृष्ठ सङ्ख्या र पाँच अध्याय भएको यस शोधपत्रमा समस्या कथनका रुपमा कक्षा दशका थारु मातृभाषी विद्यार्थीहरुले नेपाली भाषाको वाक्यगठनमा के-कस्ता त्रुटिहरु गर्दछन् ती त्रुटि हुने प्रमुख कारणहरु के के हुन ?, ती त्रुटि निराकरणका लागि के कस्ता उपायहरु अवलम्बन गर्न सकिन्छ? रहेका छन् ।

उद्देश्यका रुपमा थारु मातृभाषी विद्यार्थीहरुले नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटिको पहिचान गर्नु, ती त्रुटि हुने प्रमुख कारण पत्ता लगाउनु, ती त्रुटि निराकरणका उपायहरु पत्ता लगाउनु रहेका छन् । प्रस्तुत शोधपत्र अध्ययनका लागि प्राथमिक स्रोतका रुपमा प्रश्नावलीको प्रयोग गरिएको छ । लिङ्ग, वचन, पुरुष र आदरसम्बन्धी ५/५ गरी २० वटा र व्याकरणिक पदक्रमसम्बन्धी १० वटा गरी जम्मा ३० वटा प्रश्न निर्माण गरी प्रयोग परीक्षण गरिएको छ । द्वितीयक स्रोतका रुपमा शोधकार्यसँग सम्बन्धित पुस्तकहरु, नेपाली वृहत् शब्दकोष, अघिल्ला शोधकार्यहरु, अप्रकाशित शोधपत्रको प्रतिवेदनहरुलाई प्रयोग गरिएको छ । यस अध्ययनमा क्षेत्रीय अध्ययन पद्धति र पुस्तकालयीय पद्धतिको प्रयोग गरिएको छ । यो गुणात्मक साथै परिमाणात्मक ढाँचामा तयार पारिएको छ । व्याख्या विश्लेषणका लागि आगमनात्मक र वर्णनात्मक विधिको प्रयोग गरिएको छ । जनसङ्ख्या र नमुना छनोटका रुपमा सुनसरी जिल्लाको दुहबी न.पा. अन्तरर्गतका तीन सामुदायिक र तीन संस्थागत गरी छ विद्यालयका कक्षा दशमा अध्ययनरत १०/१० जना विद्यार्थी गरेर जम्मा ६० जना थारु मातृभाषी विद्यार्थीहरुलाई लिई शोधकार्य सम्पन्न गरिएको छ । प्रयोग परीक्षणका क्रममा लिङ्गसम्बन्धी जम्मा ६२ प्रतिशत त्रुटि गरेको पाइएको छ । जसमध्ये सामुदायिक विद्यालयअन्तर्गत छात्रहरु ६८ प्रतिशत र छात्राहरु ६५ प्रतिशत त्रुटि गरेको पाइयो । त्यसैगरी संस्थागत विद्यालय तर्फ छात्रहरुले ५६ प्रतिशत र छात्राहरुले ६० प्रतिशत त्रुटि गरेको देखिन्छ । लिङ्गसम्बन्धी त्रुटि सामुदायिक विद्यालयका विद्यार्थी भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरुले कम गरेको देखियो । वचनसम्बन्धी जम्मा त्रुटि ५८ प्रतिशत भएको देखिन्छ । जसमध्ये सामुदायिक विद्यालयका छात्रहरुले ६२ प्रतिशत र छात्राहरु ५७

प्रतिशत त्रुटि गरेका छन् । संस्थागत तर्फ छात्रहरुले ६५ प्रतिशत र छात्राहरुले ४६ प्रतिशत त्रुटि गरेका छन् । पुरुषसम्बन्धी जम्मा त्रुटि ८३ प्रतिशत गरेको पाइन्छ । जसमध्ये सामुदायिक तर्फका छात्रहरुले ८५ प्रतिशत र छात्राहरुले ७८ प्रतिशत त्रुटि गरेका छन् । त्यसैगरी संस्थागत तर्फका छात्रहरुले ८६ प्रतिशत र छात्राहरुले ८२ प्रतिशत त्रुटि गरेका छन् । पुरुषसम्बन्धी त्रुटि संस्थागत विद्यालयका विद्यार्थीहरुभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरुले कम गरेका देखिन्छन् । आदरसम्बन्धी जम्मा त्रुटि ८४ प्रतिशत रहेको छ । सामुदायिक विद्यालयका छात्रहरुले ८५ प्रतिशत र छात्राहरुले ८१ प्रतिशत त्रुटि गरेका छन् । संस्थागता तर्फका छात्रहरुले ८६ प्रतिशत र छात्राहरुले ८४ प्रतिशत त्रुटिगरेका छन् । आदरसम्बन्धी त्रुटि सामुदायिक विद्यालयका विद्यार्थी र संस्थागत विद्यालयका विद्यार्थीहरुबिच खासै भिन्नता नरहेको देखिन्छ । पदक्रमसम्बन्धी जम्मा त्रुटि ५९ प्रतिशत रहेको छ । सामुदायिक तर्फका छात्रहरुले ६३ प्रतिशत र छात्राहरुले ६० प्रतिशत त्रुटि गरेका छन् । त्यसैगरी संस्थागत तर्फ छात्रहरुले ५३ प्रतिशत र छात्राहरुले ६१ प्रतिशत त्रुटि गरेका छन् ।

यस अध्ययन अनुसार दुहबी न.पा.का कक्षा दशमा अध्ययनरत थारु मातृभाषी विद्यार्थीहरुले नेपाली वाक्यगठनअन्तर्गत लिङ्ग, वचन, पुरुष, आदर र पदक्रमसम्बन्धी लिखित प्रयोगमा अत्यधिक त्रुटि गरेको देखिन्छ । कुनै पनि वाक्यगठनमा उनीहरुको अवस्था सन्तोषजनक देखिदैन । विद्यार्थीहरुमा पाइएका त्रुटिहरुका कारणहरुमध्ये प्रमुखरुपमा अन्तरभाषी, भाषान्तरित, शैक्षिक तथा अन्य कारणलाई पहिल्याएको छ । दुई भाषीक नियम बिचको सङ्क्रमण तथा एउटै भाषिक नियम बिचको सङ्क्रमणबाट नकारात्मक सामान्धीकरण भई केही त्रुटिहरु भएका देखिए भने केही त्रुटिहरु नेपाली भाषालाई विषयबस्तु शिक्षणका रुपमा प्रयोग गरिनु, तालिम प्राप्त शिक्षकले नेपाली विषय पढाएको नपाइनु, नेपाली भाषाप्रति उदासीन दृष्टिकोण राखिएको पाइनु, निगमन तथा व्याख्या विधिद्वारा निरसिलो प्रकृतिको शिक्षण गरेको पाइनु, नेपाली पाठ्यक्रम तथा पाठ्यपुस्तकमा दोस्रो भाषाका रुपमा नेपाली सिक्ने विद्यार्थीका लागि विशेष व्यवस्था गरेको नपाइनु, मुल्याङ्कन प्रणालीमा उदारकक्षोन्ति प्रणालीलाई सही ढङ्गले प्रयोग गर्न नसक्नु जस्ता कारणले घटित भएको देखिन्छ । यसका साथै अन्य कारण जस्तै– भाषीक विचलनको बढ्दो प्रचलन, स्तरीय भाषीक वातावरणको अभाव, सिकारुमा तत्परताको अभाव, उत्प्रेरणाको अभाव, भाषा सिकाइमा भाषिक आवश्यकता नहुनु र सामाजिक दबावका कमिका कारण पनि सिकाइमा त्रुटि गरेको निष्कर्ष प्राप्त भएको छ ।

**कृतज्ञताज्ञापन**

प्रस्तुत शोधपत्रको प्रयोजन त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग अन्तर्गत स्नात्कोत्तर तह दोस्रो वर्षको नेपाशि ५९८ पाठ्यांशका निमित्त तयार पार्नु रहेको छ ।

उक्त शोधपत्र मैले मेरा श्रद्धेय गुरु नवीनकुमार शर्माको प्राज्ञिक निर्देशनमा तयार गरेकी हुँ । अत्यन्त व्यस्तताको पर्वाह नगरी यस शोधपत्रको प्रारम्भदेखि अन्तिम चरणसम्म आवश्यक प्रेरणा, महत्वपूर्ण सुझाव र मार्गनिर्देशन प्रदान गर्नुभएकोमा म उहाँप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै मेरो स्नातकोत्तर तहको अध्ययन कार्यलाई अगाडि बढाउन सहजता प्रदान गरिदिने त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, जनता बहुमुखी क्याम्पस नेपाली शिक्षा विभाग इटहरी, सुनसरीलाई हृदयदेखिनै नमन गर्न चाहन्छु । उत्साहबर्द्धक हौसला र आवश्यक सल्लाह दिनुहुने जनता बहुमुखी क्याम्पसका सम्पूर्ण गुरुहरुप्रति पनि आभार प्रकट गर्दछु ।

नमुना छनोटका क्रममा सहयोग पुऱ्याउने छवटै विद्यालयका प्र.अं, शिक्षक, कर्मचारी तथा विद्यार्थीहरुलाई आभार प्रकट गर्न चाहन्छु । त्यसैगरी यो शोधपत्रको कम्प्युटर टङ्कनका लागि सहयोग गर्नुहुने श्री जनता मा.वि. दुहबी १० का सहपाठी मित्र श्री अवधनारायण चौधरी सरप्रति विशेष आभार प्रकट गर्दछु । साथै शोधकार्यलाई पूर्ण गराउन हरेक क्षण आवश्यक सहयोग गर्नुहुने मेरा श्रीमान श्री नवीनकुमार चौधरी र छोरी सुश्री युषिका चौधरीलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

...........................

शोधार्थी

भावना चौधरी

| शीर्षक | विषयसूची | पेज नं. |
|---|---|---|

## अध्याय एक : शोध परिचय


| | |
|---|---|
| पृष्ठभूमि | १ |
| समस्या कथन | ३ |
| अध्ययनका उदेश्य | ४ |
| अध्ययनको औचित्य र महत्व | ४ |
| अध्ययनको परिसीमा | ५ |
| परिभाषिक शब्द | ५ |
| शोधकार्यको रुपरेखा | ६ |
| **अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा** | |
| पूर्वकार्यको समीक्षा | ७ |
| सैद्धान्तिक पूर्वकार्यको समीक्षा | ७ |
| प्रयोगात्मक पूर्वकार्यको समीक्षा | ११ |
| पूर्वकार्यको उपयोगिता | १५ |
| त्रुटि विश्लेषणको सिद्धान्त | १६ |
| त्रुटि विश्लेषण प्रक्रिया | १७ |
| धारणात्मक संरचना | २१ |
| **अध्याय तीन : अध्ययन विधि र प्रक्रिया** | |
| अध्ययनको संरचना | २२ |
| जनसङ्ख्या र नमुना | २२ |
| नमुना छनोट र विधि | २३ |
| तथ्याङ्क सङ्कलनका साधन | २३ |
| प्राथमिक स्रोत | २३ |

द्वितीयक स्रोत २४

तथ्याङ्क सङ्कलन प्रक्रिया २४

तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया २४

**अध्याय चार : नतिजा/परिणाम र छलफल**

**कक्षा दशमा अध्ययनरत थारू मातृभाषी विद्यार्थीले नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटि**

परिचय २५

लिङ्गमा गर्ने त्रुटि २६

वचनमा गर्ने त्रुटि २८

पुरूषमा गर्ने त्रुटि ३०

पदक्रममा गर्ने त्रुटि ३४

त्रुटिहरूको तुलनात्मक तथा समग्र अवस्था ३६

छलफल/व्याख्या ३९

अन्तरभाषिक कारण ४०

भाषान्तरिका कारण ४१

शैक्षिक कारण ४१

**अध्याय पाँच : निष्कर्ष, सुझाव तथा उपयोगिता**

निष्कर्ष ४३

सुझाव ४५

उपयोगिता ४७

आगामी अनुसन्धानका लागि शीर्षक ४९

सन्दर्भसूची

परिशिष्ट–१

परिशिष्ट–२

व्यक्तिवृत

## तालिका सूची


तालिका १  जनसङ्ख्या र नमुना छनोट  २२

तालिका २  लिङ्गमा गर्ने त्रुटि  २७

तालिका ३  वचनमा गर्ने त्रुटि  २९

तालिका ४ पुरूषमा गरिने त्रुटि  ३१

तालिका ५ आदरमा गर्ने त्रुटि  ३३

तालिका ६ पदक्रममा गर्ने त्रुटि  ३५

तालिका ७ त्रुटिहरूको तुलनात्मक अवस्था  ३६

तालिका ८ त्रुटिहरूको समग्र अवस्था  ३८

## चित्र सूची

चित्र १ : त्रुटिहरुको तुलनात्मक अवस्था ३९

चित्र २ : त्रुटिहरुको समग्र अवस्था ४०